KHABARNAGARIK
www.khabarnagarik.com
E-paper
खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो

KHABARNAGARIK
www.khabarnagarik.com
खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो
www.khabarnagarik.com CLICK

Khabar Nagarik | खबर नागरिक | २०८२ पुस ३० गते बुधबार (Wednesday 14 Jan 2026) | www.khabarnagarik.com

# भैरहवामा खुल्यो मुख्य निर्वाचन अधिकृतको कार्यालय, सबै निर्वाचन क्षेत्रमा खटिए निर्वाचन अधिकृत




**खबर नागरिक**

भैरहवा।

आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनको व्यवस्थापकिय कामका लागि रुपन्देहीको भैरहवामा मुख्य निर्वाचन अधिकृतको कार्यालय सहित ५ वटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ।

भैरहवामा रहेको नेपाल बाल संगठनको भैरहवा बाल मन्दिरमा मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन क्षेत्र नम्बर ३ को कार्यालय स्थापना गरिएको हो। सो अवसरमा बोल्दै मुख्य निर्वाचन अधिकृत अशोककुमार बस्नेतले देशको विषम परिस्थतीले निर्वाचन गर्नुपर्ने अवस्था आएकोले यो निर्वाचन तुरुन्तै सम्पन्न गर्नुपर्ने अवस्था आएको बताए। उनले राजनैतिक दलहरुको उत्सवको रुपमा रहेको बताउदै यसलाई उत्सवकै रुपमा लिनु पर्ने बताए। हामी व्यवस्थापकिय रुपमा खटिएर निर्वाचनलाई स्वच्छ बनाउनका लागि आयोगले न्याय सेवाका अधिकृतहरुलाई निर्वाचनमा खटाउने व्यवस्था बमोजिम शुक्रबार रुपन्देहीको ५ वटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृत सहितको कार्यालयको स्थापना गरिएको बताए।

उनले स्वच्छ, स्वतन्त्र र शान्तिपूर्ण निर्वाचनका लागि आयोग र राज्यका सबै संयन्त्रहरू लागिपरेको जानकारी दिए।

जिल्लामा २०९ वटा मतदान स्थल, ७३२ वटा मतदान केन्द्र रहेको छ। कुल मतदाता ६ लाख ७२ हजार ५२३ जना (फागुन २० सम्म १८ वर्ष पुग्ने) मध्ये ३ लाख २६ हजार ३११ जना महिला र ३ लाख ४६ हजार २०३ जना पुरुष र ९ जना अन्य मतदाता रहेको मुख्य निर्वाचन अधिकृत अशोककुमार बस्नेतले बताए। बस्नेतले फागुन महिनाका लागि तय गरिएको मुख्य कार्यतालिका समेत सार्वजनिक गरेका छन्। जस अनुसार फागुन ६ गते बिहान १० देखि ५ बजेसम्म उम्मेदवारको मनोनयन दर्ता हुनेछ, फागुन ७ गते उम्मेदवार विरुद्ध उजुरी दिने समय, फागुन ८ गते उजुरी उपर जाँचबुझ र बेलुका ७ बजे अन्तिम नामावली प्रकाशन हुनेछ। फागुन ९ गते उम्मेदवारी फिर्ता लिने र उम्मेदवारहरूलाई चुनाव चिह्न वितरण गरिने कार्यक्रम रहेको बस्नेतले बताए। फागुन २१ गते मतदान कार्य सम्पन्न हुनेछ।

कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी माधव प्रसाद पोखरेलले निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षाको सम्पूर्ण प्रबन्ध मिलाइएको बताए। उम्मेदवार, कर्मचारी र मतदाताको सुरक्षाको लागि जिल्लाका सबै सुरक्षा अङ्गहरु सूक्ष्म रूपमा खटिएको उनले जानकारी दिए। साथै, निर्वाचनलाई भड्किलो र खर्चिलो नबनाउन र आचारसंहिताको पूर्ण पालना गर्न उनले राजनीतिक दलहरूलाई अपिल गरेका छन्।

रुपन्देहीको क्षेत्र नम्बर १ देवदह नगरपालिकाको बहुउद्देश्यीय भवन, शितलनगरमा निर्वाचन अधिकृतको कार्यालयको स्थापना भएको छ। यहाँ निर्वाचन अधिकृतको रूपमा कपिल पौड्याल खटिएका छन्। क्षेत्र नम्बर २ मा बुटवल उपमहानगरपालिका, देवीनगर, ११ नम्बर वडा कार्यालयको नयाँ भवनमा निर्वाचन अधिकृतको कार्यालय खडा गरिएको छ भने यहाँ निर्वाचन अधिकृतको रूपमा राजेन्द्र न्यौपाने खटिएका छन्। क्षेत्र नम्बर ४ मा कोटहीमाई गाउँपालिका मझगाँवामा राखिएको छ। यहाँ निर्वाचन अधिकृतको रूपमा टोपबहादुर विष्ट खटिएका छन्। क्षेत्र नं ५ मा गैडहवा गाउँपालिका वडा नम्बर ३ को कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरि निर्वाचन अधिकृतको रूपमा गोपीकृष्ण रेग्मीलाई जिम्मेवारी दिइएको छ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार रुपन्देहीमा निर्वाचनको तयारीलाई तीव्रता दिइएको छ। निर्वाचनमा राजनितिक दलहरुको सहभागिता र क्रियाकलाप अनुशासित, आचारसंहितको पालना गर्दै मनाउनु पर्छ। आगामी ५ वर्षका लागि भाग्य निर्धारण गरी नेतृत्व गर्नका लागि पठाउने अवसर भएकोले कस्तो खालको चुनाव गराउने भूमिका र जिम्मेवारी राजनितिक दलहरुको रहनेछ। शान्त, मर्यादित वा खलबल गर्ने गरी चुनाव मनाउने जिम्मा मुलरुपमा उम्मेदवार र पार्टीको रहन्छ। निर्वाचन गराउने पर्छ यस्को मापदण्ड र दायरा छ दायरा भन्न बाहिर जानेलाई कानुनले नछोड्ने बताउदै स्वच्छ र भयरहित निर्वाचन गराउन निर्वाचन कार्यालयले सहयोगको अपेक्षा गरेको जिल्ला निर्वाचन अधिकारी कल्पान अर्यालले बताइन।

स्थापित यी कार्यालयबाट जिल्लामा निर्वाचनको विषयमा सुरक्षा र प्रशासनको समन्वय हुन्छ। सुरक्षित, निष्पक्ष र स्वतन्त्र रुपमा निर्वाचन सम्पन्न गर्न सम्पूर्ण राजनीतिक दल तथा सञ्चारकर्मीको भूमिका महत्वपूर्ण रहेको निर्वाचन अधिकारी अर्यालले भनिन।

देशैभरी मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने कार्यक्रम अनुसार रुपन्देहीको ५ वटै क्षेत्रमा कार्यालय स्थापना भई उद्घाटन भएको हो। मतदानको अघि, मतदानको दिन र मतदान पछिको कार्यक्रमका लागि सुरक्षा प्रदान गर्न विशेष सुरक्षा योजना बनाएको छ। आचारसंहिता र यस्को पूर्ण पालना गर्नका लागि समेत अनुगमन समितिले पनि कार्य गर्नेछ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख उमाकान्त चपाई, सुरक्षा निकायका प्रमुख नेपाल प्रहरीका एसपी प्रदिप बहादुर क्षेत्री, सशस्त्र प्रहरीका एसपी मेख राज जोशी, विभिन्न राजनितिक दलका प्रतिनिधि लगायतको उपस्थिती रहेको थियो। कार्यालय उद्घाटन सँगै निर्वाचन अभियान सुरु भएको छ।